# १३४७ ई.को राजनैतिक संकट समाधानमा कर्णाट राजकुमारी रुद्रमल्लदेवीको भूमिका

**हिरालाल कर्ण**
**सू.स.मो.या.ब.क्याम्पस,सरहा**
**hiralalkarn2@gmail.com**
**Doi: 10.3126/voh.v33i1.87300**

**सारसङ्क्षेप**

*१३४४ ई. मा राजा अरिमल्लको निधनपछि विगत तीन वर्षदेखि राजाको गद्दी खालि थियो । त्यसमा १३४७ ई. को जनवरीमा उपराजाको गद्दीको अधिकारिणी नायकदेवीको पनि निधन भयो । राजा र उपराजा दुवैको गद्दी खालि भएर देश संकटको भुमरीमा फस्न पुग्यो । यसबेलामा भक्तपुर दरबारको अधिकारिणी देवलदेवी र बनेपा दरबारको जयराजदेवबिच सहमति कायम भई देशले राजनैतिक निकास पाएको थियो । यो सहमति कसरी हुन पुग्यो ? सहमति कायम गराउन कसको भूमिका थियो ? त्यसको चर्चा कहिं पाइँदैन । यस सहमतिपछि जयराजदेव सर्वसम्मत राजा भएका थिए । मेरो यो अध्ययन १३४७ ई. को राजनैतिक संकट समाधानका लागि राजदेव र देवलदेवी बिच सहमति कायम गराउन रुद्रमल्लदेवीको भूमिकाको खोजीमा आधारित रहेको छ । यसका लागि गुणात्मक अनुसन्धान पद्धतिका पुस्तकालयीय विधि, वर्णनात्मक विधि र विश्लेषणात्मक विधिहरुको प्रयोग गरिएको छ । उनी कर्णाटवंशको सिमरौनगढ राजदरबारमा जन्मिएर शरणार्थीको रुपमा भक्तपुरको आफ्नो मावली दरबारमा हुर्किएकी थिइन् । राजनैतिक सम्झौताको क्रममा राजा आनन्ददेवका मठ्याहा छोरा जयराजदेवसित ने.स. ४५७ (१३३७ ई.) मा उनको विवाह भएको थियो । यस अध्ययनको तत्वमीमांसा (ontology) को रुपमा १३४७ ई. मा राजदेव र देवलदेवीको आ-आफ्नो स्वार्थले गर्दा राजा उपराजाको गद्दी खालि हुन गई देश संकटमा फसेको अवस्थामा रुद्रमल्लदेवीको मध्यस्थताबाट सहमति कायम भई देशले सर्वसम्मत राजा पाएको तथ्य रहेको छ । गोपालराज वंशावली, केशरवंशावलीहरुमा वर्णित तत्कालीन घटनाक्रम, अभिलेख र समकालीन साहित्यहरु यसका ज्ञान प्राप्तिका साधनहरु (epistemology) हुन् । रुद्रमल्लदेवीले अपनाएको समन्वयको सिद्धान्तलाई समाज र राष्ट्रले स्वीकार गरेर राजदेवलाई सर्वसम्मत राजा मानेको कुरा यसको मूल्यमीमांसा (axiology) रहेको छ । यस समन्वयको सिद्धान्तबाट दुवै कुलमा उनको मानसम्मान बढ्नुका साथै राष्ट्रमा शान्ति सुव्यवस्था कायम भएको थियो ।*

**मुख्य शब्दहरु** : *राजनैतिक संकट, कर्णाटवंश, मल्लवंश, उपराजा, राजकुमारी*

**परिचय**

नेपालको पूर्वमध्यकालको इतिहासमा भक्तपुर दरबारमा शरण लिएर बसेकी सिमरौनगढको कर्णाटवंशकी महारानी र जयतुङ्गमल्ल तथा पदुमल्लदेवीकी छोरी देवलक्ष्मीदेवी(देवलदेवी) एवम् सिमरौनगढको कर्णाटवंशका राजा हरिसिंहदेवका छोरा 'कर्णाट वंशज जगतसिंह कुमर' को सम्बन्धमा धेरै ठाउँमा राजल्लदेवीको पिता र जयस्थितिमल्लको ससुराको रुपमा चर्चा गरिएको पाइए पनि छोरी रुद्रमल्लदेवीको सम्बन्धमा नेपाली र मैथिली इतिहासकारहरुले कलम चलाएको देखिदैन् । ने.स. ४६४ (१३४४ ई.) को आश्विनमा ठुलो भूकम्प गएको भोलिपल्ट गद्दीनसीन राजा जयारिमल्लको मृत्यु भएपछि तीनवर्षसम्म गद्दी खाली रहयो । "ने.स. ४६४ (वि.स.१४०१) आश्विनमा अरिमल्लको मृत्यु भएपछि केन्द्रको गद्दी तीनवर्षका लागि खाली रहयो । यस्तो घटना बिरलै भएको पाइन्छ । त्यसबेलाको अस्तव्यस्त, खिंचातानीको अवस्थाले गर्दा राजगद्दीमा कसलाई राख्ने निर्णय तीन वर्षसम्म हुन सकेन" (बज्राचार्य, २००९ ई.) । "यस गडबडमा तीनवर्ष जति सिंहासन खाली नै रहयो । देवलदेवी र जगतसिंह तथा महामात्य अनेकरामकै रेखदेखमा पहिले जस्तै शासन चलिरहयो" (नेपाल, १९९७ ई.) । अन्तमा १३४७ ईस्वीको साउनमा देवलदेवी र राजदेवबिच सहमति भई राजदेव सर्वसम्मत राजा भएका थिए । यो सहमति कायम गराउनमा रुद्रमल्लदेवीको  के-कस्तो भूमिका रहयो ? यस अध्ययनमा रुद्रमल्लदेवीले सहमति कायम गराई नेपालको रजनैतिक संकट समाधानमा खेलेको भूमिकाको खोजी गर्ने प्रयास गरिएको छ । यस घटनाको वर्णन गोपालराज वंशावलीमा यसप्रकार गरिएको छ । "उभयराजकुलसानुमतेन सम्वत ४६७ श्रावण वदि ४ श्रीजयराजदेव राजा कृत्यः सर्व्वसम्मतेन" गोपालराज वंशावली पत्र २८ ।  "नेपाल सम्वत ४६७ (वि.स.१४०४/१३४७ ई.) श्रावण कृष्ण चतुर्थीको दिन दुवै राजकुलका अनुमतिले, सबैका सल्लाहले श्रीजयराजदेव राजा बनाइए" (बज्राचार्य, २००९ ई.) । यसरी तीनवर्षसम्म राजगद्दी खाली भएपछि दुवै राजकुलको सहमतिले सर्वसम्मत राजाको रुपमा जयराजदेव ने.स.४६७ (१३४७ ई.) को साउनमा राजा भएका थिए । राजदेव सर्वसम्मत राजा भएको कुरा ऐतिहासिक स्रोतहरुमा लेखिएपनि उनलाई राजा बनाउन रुद्रमल्लदेवीले खेलेको भूमिकाको कत्तै उल्लेख भएको पाईंदैन । राजदेवलाई राजा बनाउनमा उनकी श्रीमती तथा कर्णाट राजकुमारी रुद्रमल्लदेवीको ठुलो हात थियो । यसको संकेत केशरवंशावलीको पत्र १४ मा टिपिएको घटनामा स्पष्ट रुपमा पाइन्छ । "नेपाल समस्त सम्मतेन उभयराजकुल (सानुमतेन), सं.४६४ श्रावण वदि ४ ॥ श्री जयराजदेव राजा(कृत्य), सर्व्वसमंतेन, सं.४६७ वैशाख शुदि ७ तस्य पिता श्रीजया(नन्द) देव, माता ललितग्रामे, उत्तरबिहार, राजेन्द्रपाल पात्रस्य, पुत्री । जयराजदेवस्य, पत्नी कर्ण्णाटवंशज, श्रीरुद्रमल्लदेवनाम, तस्य पुत्र, श्रीतस्मिंन्मय उभयराजकुल एकत्व ॥" केशरवंशावली पत्र १३ र १४ (मल्ल र बज्राचार्य, १९८५ ई.) । यहाँ माथि मिति लेख्दा बिरिएर ने.स.४६७ श्रावण वदि ४ हुनुपर्नेमा ४६४ हुन गएको देखिन्छ । गोपालराज वंशावलीमा यस रुद्रमल्लदेवीको परिचय अति संक्षिप्त रुपमा "श्रीजयराजदेवस्य पत्नी श्रीरुद्रमदेवीस तस्य पुत्र श्रीजयार्जुनदेव जात ॥" पत्र २८ ख ॥ भनी दिइएको छ । तर केशर वंशावलीमा बडो सम्मानका साथ लामो विशेषण दिएर 'जयराजदेवस्य पत्नी, कर्ण्णाटवंशज श्रीरुद्रमल्लदेवनाम' भनी उनको परिचय दिइएको छ । उक्त वंशावलीको यस भनाइले उनी कर्णाटवंशको राजकुमारी भएको कुरा प्रष्ट हुन्छ ।

यहाँ कर्णाट राजकुमारी रुद्रमल्लदेवीको प्रयासबाट दुवै राजकुलमा एकता कायम हुन गएकोले 'तस्य पुत्र श्रीतस्मिंन्मय उभयराजकुल एकत्व' भनिएको छ । अर्थात उनको छोरा जयार्जुनदेवमा दुवै राजकुलको एकता भएको थियो । यसरी नेपालको राजा र उपराजाको गद्दी खाली भएर रहेको अवस्थामा रुद्रमल्लदेवीको माइती पक्षका देवलदेवी र ससुराली पक्षका राजदेवलाई सहमतिमा ल्याएर देशलाई राजनैतिक निकास दिनमा उनको भूमिका र योगदानको खोजी यस अध्ययनमा गरिएको छ । यहाँ तिरहुतको राज्य गुमाएर भक्तपुर दरबारमा शरण लिएर बसेकी कर्णाट राजकुमारीले आफ्नो योग्यता, क्षमता र कुटनैतिक सफलतापुर्वक नेपालको राजदरबारको महारानी भई आफ्ना छोरा जयार्जुनदेवलाई समेत राजा बनाउन सफल भएकी रुद्रमल्लदेवीले नेपालको १३४७ ई. को राजनैतिक संकट समाधानका लागि भक्तपुर र बनेपा दरबारबिच सहमति कायम गराउनमा दिएको योगदानको सम्बन्धमा अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनमा नेपालको इतिहासमा १३४७ ई. मा राजा र उपराजाको गद्दी खालि भई छाएको राजनैतिक संकट समाधानमा रुद्रमल्लदेवीले खेलेको भूमिका, उनको परिचय र नेपालको इतिहासमा उनको स्थान खोज्ने प्रयास गरिएको छ ।

यस अध्ययनको मूल उद्देश्य कर्णाट वंशज रुद्रमल्लदेवीको परिचय खोज्नु र १३४७ ई. को नेपालको राजनैतिक संकट समाधानमा उनको भूमिका पत्ता लगाउनु भए तापनि बुँदागत रुपमा यसका उद्देश्यहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ । (क) रुद्रमल्लदेवीको परिचय खोज्नु, (ख) १३४७ ई. को राजनैतिक संकटको विश्लेषण गर्नु र (ग) राजनैतिक संकट समाधानमा उनको भूमिकाको खोजी गर्नु रहेको छ ।

## अध्ययन विधि

यो अध्ययन नेपालको पुर्वमध्यकालको ऐतिहासिक कालखण्डमा १३४४ ई.- १३४७ ई. सम्म राजाको गद्दी खालि रहेको अवस्थामा १३४७ ई. मा उपराजाको गद्दीको अधिकारिणी नायकदेवीको पनि मृत्यु भएपछि छाएको राजनैतिक संकट समाधानका लागि रुद्रमल्लदेवीले खेलेको भूमिकामा केन्द्रीत भएकोले ऐतिहासिक अनुसन्धानका लागि प्रयोग गरिने विधिहरुमा आधारित रहेको छ । यसका लागि तत्कालीन घटनाहरुसँग सम्बन्धित ऐतिहासिक स्रोतहरु गोपालराज वंशावली, केशर वंशावलीहरुको अध्ययन प्राथमिक स्रोतको रुपमा गरिएको छ । सहायक स्रोतको रुपमा तत्कालीन घटनाहरुसित सम्बन्धित नेपाली तथा भारतीय विद्वानहरुका साहित्यिक स्रोतहरुलाई प्रयोग गरिएको छ । यसका लागि गुणात्मक अनुसन्धानका पुस्तकालयीय विधि, आधुनिक सूचना र सञ्चार प्रविधि, ईन्टरनेटको प्रयोग गरी विभिन्न वेवसाइटहरुमा राखिएका सम्बन्धित सामग्रीहरुको अध्ययन गरी तथ्य र तथ्याङ्कहरु संकलन गरिएको छ ।

## अध्ययनको विश्लेषण

यो एक ऐतिहासिक अनुसन्धान भएकोले यसमा तत्कालीन घटनाहरुसित सम्बन्धित तथ्य र तथ्याङ्कहरुलाई समय, ऐतिहासिक पात्र, घटना र त्यसको ऐतिहासिक प्रभावहरुको आधारमा वर्णनात्मक विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । गोपालराज वंशावली, केशर वंशावलीमा दिइएका तथ्यहरुलाई नेपाली र भारतीय इतिहासकारहरुले कुन रुपमा लिएका छन् ? १३४७ ई. को राजनैतिक संकट के हो ? संकट समाधानमा रुद्रमल्लदेवीको भूमिका के रहेको छ? यस सम्बन्धि नेपाली इतिहासकारहरु ज्ञानमणि नेपाल, मोहनप्रसाद खनाल, शंकरकुमार उपाध्याय तथा भारतीय

विद्वानहरु उपेन्द्र ठाकुर, राधाकृष्ण चौधरी, सि.पि.एन सिन्हा, रामप्रकाश शर्मा आदिले कर्णाटवंश र नेपालको इतिहासमा हरिसिंहदेवका सन्तानहरुको भूमिका सम्बन्धि राखेका धारणाहरुलाई वर्णनात्मक विधिको प्रयोग गरी विश्लेषण गरिएको छ

**रुद्रमल्लदेवीको परिचय**

कर्णाट राजकुमारी रुद्रमल्लदेवीको नाम केशरवंशावलीको पत्र १४ बाहेक अन्यत्र कतै उल्लेख भएको पाईंदैन । तर त्यस पत्र १४ मा मात्र एक वाक्यमा दिएको परिचयलाई अन्य ऐतिहासिक सामग्रीहरुसित तुलना गरेर व्याख्या विश्लेषण गरी हेर्दा त्यस एक वाक्यले उनको विस्तृत परिचय दिएको देखिन्छ । "जयराजदेवस्य, पत्नी कर्ण्णाटवंशज, श्रीरुद्रमल्लदेवनाम, तस्य पुत्र, श्रीतस्मिंन्मय उभयराजकुल एकत्व" (बज्राचार्य, २००९ ई.) । जयराजदेवकी पत्नी, कर्णाट वंशकी श्रीरुद्रमल्लदेवी नाम भएकी उनको छोरा, त्यसमा दुवै राजकुलको एकता भएको थियो । यहाँ रुद्रमल्लदेवीको नामको अगाडि कर्णाटवंशज र जयराजदेवकी पत्नी भनेर विशेषण लगाइएको हुँदा उनी कर्णाटवंशको राजकुमारीको रुपमा देखिन्छन् । साथै उनका छोरा जयार्जुनदेवमा दुवै राजकुल अर्थात भक्तपुर दरबारको राजकुल र बनेपा पलाञ्चोक दरबारको राजकुल बिच एकता भएको कुरा उल्लेख भएकोले रुद्रमल्लदेवीको भक्तपुर दरबारसित पनि सम्बन्ध भएको कुरा स्पष्ट हुन्छ । भक्तपुर दरबारमा कर्णाटवंशकी महारानी देवलदेवी बसेको हुँदा कर्णाटवंशको छोरीतर्फको नाति जयार्जुनदेवमा भक्तपुर र बनेपा दुवै राजकुल एक भएको कुरा उल्लेख गरिएकोले रुद्रमल्लदेवी देवलदेवीको छोरी भएको कुरा स्पष्ट हुन आउँछ। यहाँ प्रष्ट रुपमा राजा हरिसिंहदेव र देवलदेवीकी छोरी नभनीकन घुमाउरो भाषामा कर्णाटवंशकी राजकुमारी र बनेपा पलाञ्चोकका राजकुमारको छोरामा भक्तपुर र बनेपा राजकुल एक हुनु भनेको देवलदेवीको छोरीतर्फको नाति जयार्जुनदेव रहेको कुरा प्रष्ट हुन आउँछ ।

यस कर्णाटवंशको खोजी गर्दा तत्कालीन इतिहासमा बंगाल र सिमरौनगढमा दुईवटा भिन्न कर्णाट राजवंशहरुको शासन रहेको पाइन्छ ।"सिमरौनगढका कर्णाटहरु आफुलाई कर्णाट क्षत्रीय कहलाउँथे । बंगालका सेनवंशका शासकहरुले पनि आफुलाई कर्णाट क्षत्रीय कहलाउँथे । यिनीहरुका सम्बन्धमा विद्वानहरुका माफ्न पुर्ण मतभेद रहेको छ । यिनीहरु कर्णाट थिए यति त निश्चित छ। किनभने नान्यदेवले आफुलाई कर्णाट कुलभुषण भनेका छन् र सामन्तसेनले आफुलाई कर्णाट क्षत्रीय कुलशिरोमणि" (चौधरी, २०१० ई.) । "कर्णाट वा सिमरौनगढ राजवंशका संस्थापक नान्यदेव बंगालका सेन शासकहरु झैं कर्णाट क्षत्रीय थिए" (ठाकुर, १९९२ ई.) । "कर्णाट अथवा सिमरौनगढ राजवंशका संस्थापक नान्यदेव अथवा नान्युपदेव सूर्यवंशीय कर्णाट क्षत्रीय थिए" (शर्मा, २००२ ई.) । "The Karnatas of Mithila have also been called 'Karnatachudamani' in the Nepal inscriptions, 'Karnatavamsodabhava and Karnatadhipa' by Chandeswara (मिथिलाका कर्णाटहरुलाई नेपाली अभिलेखहरुमा कर्णाटचुडामणि भनिएको छ, चण्डेश्वरद्वारा कर्णाटवंशोद्‌भव र कर्णाटाधिप भनिएको छ ) (सिन्हा, १९७९ ई.) । यसप्रकार लगभग सम्पुर्ण भारतीय इतिहासकारहरुका साथै नेपाली इतिहासकारहरु समेतले पनि सिमरौनगढको राजा नान्यदेवको वंशलाई कर्णाटवंश भनेका छन् । "शिवदेव सिंहासनारुढ हुनुभन्दा करिब दुई वर्ष पहिल्यै नेपालमा हर्षदेव राजा भएको बेलामा वि.स. ११५४

(१०९७ ई.) श्रावण शुदी ७ शनिवारका दिन महासामन्ताधिपति नान्यदेवले सिमरौनगढमा नयाँ राजधानी कायम गरेर गृहवास्तु गरे । नान्यदेव कर्णाट देशका वीर सेनानायक थिए” (नेपाल, १९९७ ई.) । “कर्णाटवंशी नान्यदेवले तिरहुत विजय गरी सिमरौनगढमा आफ्नो राजधानी कायम गरेको वर्णन काठमाण्डौ उपत्यका र मिथिलाका वंशावलीहरुमा पाइन्छ” (खनाल, १९९९ ई.) । यसप्रकार कर्णाटदेशका सेनापतिहरु नान्यदेव र विजयसेनद्वारा स्थापित राजवंशलाई कर्णाट क्षत्रीय राजवंश भनिएको इतिहास पाइन्छ । सिमरौनगढका यी कर्णाटवंशी राजाहरुमध्ये नान्यदेवले आफ्नो प्रसिद्ध ग्रन्थ भरतभाष्यममा आफुलाई कर्णाटकुलभुषण, विद्यापतिले पुरुषपरिक्षामा नान्यदेवका छोरा श्रीमल्लदेवलाई कर्णाटवीर मल्लदेव, रामदत्तले नरसिंहदेवलाई कर्णाटान्वयभूषण र चण्डेश्वर ठक्कुरले हरिसिंहदेवलाई कर्णाटाधिप तथा कर्णाटचुडामणि भनेका छन् । माथि उल्लेखित विवरण अनुसार सिमरौनगढका राजा कर्णाटचुडामणि हरिसिंहदेव र महारानी देवलदेवीको छोरी भएकोले यहाँ रुद्रमल्लदेवीलाई कर्णाटवंशज भनिएको हो ।

“देवलदेवीको जन्म वि.स. १३५७ (१३०० ई.) मा भएको थियो” (नेपाल, १९९७ ई.) । ने.स. ४२० मा नेपालमा जयशक्तिदेवको समर्थनमा सेना पठाउने तिरहुतका राजा शक्तिसिंहदेव थिए । त्यसपछिको ने.स. ४३१, ४३२ मा नेपालमा सेना पठाउने राजा हरिसिंहदेवको जन्म मिथिलाको इतिहास अनुसार १२९४ ई. मा भएको मानिन्छ । “चन्द्र झाका अनुसार हरिसिंहदेवको जन्म १२९४ ई. मा भएको थियो” (शर्मा, २००२ ई.) । ने.स. ४२० को आक्रमणको एघार वर्षपछि ने.स.४३१ र ४३२ मा लगातार तिरहुते सेनाले नेपाल उपत्यकामा आक्रमण गरेको वर्णन गोपालराज वंशावलीको पत्र ४२ र ४३ मा विस्तृत रुपमा गरिएको पाइन्छ । जयशक्तिदेवले आश्रय दिएको यस तिरहुते सेनाले नेपाल उपत्यकामा आफ्नो आधिपत्य कायम गरेपछि जयशक्तिदेव र तिरहुत बिचको गठबन्धन भत्काई तिरहुतेहरुलाई आफुतर्फ मिलाउन वि.स. १३६७/६८ (१३१२ ई.) मा जयतुङ्गमल्लले तिरहुतेहरुसँग गरेको सम्झौता स्वरुप देवलदेवीको विवाह हरिसिंहदेवसित गरिदिएका थिए । “वि.स. १३६७-६८ मा हरिसिंहदेवका विजयी महामन्त्री चण्डेश्वर र उनका दलसँग सन्धि-सम्झौता गर्दा जयतुङ्गमल्लले आफ्नी रुपवती छोरी देवलदेवीलाई गद्दीनसीन राजा हरिसिंहदेवलाई सुम्पेका रहेछन् भन्ने कुरा पनि बुझिन आउँछ” (नेपाल, १९९७ ई.) । यसरी १३१२ ई. मा हरिसिंहदेव र देवलदेवीको बिहे हुँदा हरिसिंहदेव १७/१८ वर्षका देखिन्छन् भने देवलदेवी ११/१२ वर्षकी थिइन् । यसप्रकार भक्तपुरकी राजकुमारी देवलदेवीको विवाह कर्णाटवंशका राजा हरिसिंहदेवसित भएर दुवै राजवंशबिच वैवाहिक सम्बन्ध कायम भएको थियो । तिरहुतकी महारानी देवलदेवी जयतुङ्ग मल्लकी छोरी भएको कुरा लगभग सबै नेपाली इतिहासकारहरुले मानेका छन् । “उनले (हरिसिंहदेवले) नेपालका तुङ्गमल्लकी छोरी र रुद्रमल्लकी बहिनी देवलदेवीसित विवाह गरेका थिए । त्यसपछि उनको प्रभाव यस उपत्यकामा झन बढेको थियो” (मिश्र, वि.स. २००० ई.) ।

देवलदेवीको विवाह भएको केहि दिनपछि नै १३१३ ई. को जेठमा उनको पिता जयतुङ्ग मल्लको निधन भएको थियो । “सं.३८६ (१२६६ ई.) मार्गशिर कृष्ण षष्ठी पूर्व्वाषाढ नक्षत्र प्रीतिजोग चंद्रवार श्रीजयसिंहदेवस्य पुत्र श्रीजयतुंगमलदेवस्य जातः अस्त वर्ष ४६ मा ५ जेष्ठ शुक्ल षष्टमी आदीतवार बेला संध्या ॥” गो.रा.वंशावली पत्र ३६ क (मल्ल र बज्राचार्य, १९८५ ई.) । यहाँ १२६६ ई. को मंसीर कृष्ण षष्ठी बुधवारका दिन जन्मेका जयतुंगमल्लको मृत्यु

४६ वर्ष ५ महिनाको उमेरमा जेष्ठ शुक्ल षष्टमी आइतवारको दिन भएको कुरा उल्लेख छ । १२६६ ई.+४६ गरी १३१३ ई. को मंसिरमा ४६ वर्ष पुगेको दखिन्छ । उनको मृत्यु जेठ शुक्ल अष्टमीमा भएको र पुस महिनामा अंग्रेजी साल बदलिने हुँदा १३१३ ई. को मई/जुन महिना हुनसक्छ । यसप्रकार १३१२ ई. को मंसीर महिनामा देवलदेवीको बिहे भएको ५ महिनापछि छैठौं महिनाको जेठमा अर्थात १३१३ ई. को मई/जुनमा उनको बुवा जयतुंगमल्लको निधन भएको थियो । विवाह गरी तिरहुत दरबारमा भित्रिएकी दुलहीबाट एक छोरा जगतसिंह कुमर र एक छोरी रुद्रमल्लदेवीको जन्म भएको थियो । जसलाई नेपालको ऐतिहासिक स्रोतहरुमा कर्णाटवंशज भनी उल्लेख गरिएको पाइन्छ । “कर्ण्णाटवंसज श्रीजगतसिंहदेव समाहित संगृह्य कृतं, नायकदेवी ॥” गो.रा.वं. पत्र २८ क (मल्ल र बज्राचार्य, १९८५ ई.) । यसरी छोरा जगतसिंहका लागि कर्णाटवंशज शब्दको प्रयोग गरिए झैं केशरवंशावलीमा छोरी रुद्रमल्लदेवीका लागि पनि कर्णाटवंशज शब्दको प्रयोग गरिएको पाइन्छ । यसरी कर्णाटवंशका राजा हरिसिंहदेव र जयतुङ्गमल्लकी छोरी देवलदेवीबाट जन्मेका सन्तानहरुको सम्बन्धमा तिरहुत मिथिलाका ऐतिहासिक स्रोतहरुमा उल्लेख भएको पाईंदैन । तर नेपाली स्रोतहरुमा दुवै दाजुबहिनीलाई सम्मानका साथ नामको अगाडि कर्णाटवंशज भनी लेखिएको पाइन्छ। राजदेव र रुद्रमल्लदेवीको विवाहबाट बनेपा र भक्तपुर राजकुलको एकता भएको कुराले रुद्रमल्लदेवी भक्तपुर दरबारकी नातिनी (छोरी तर्फको) भएको कुरा स्पष्ट हुन्छ । कर्णाटवंशज भनिएकोले उनी कर्णाट राजकुमारी भएको कुरा पनि स्पष्ट हुन्छ । अतः देवलदेवीका अन्य सन्तानहरुको उल्लेख नभएपनि छोरा कर्णाटवंशज श्रीजगतसिंह कुमर र छोरी कर्णाटवंशज श्रीरुद्रमल्लदेवीको उल्लेख नेपालको ऐतिहासिक स्रोतहरुमा भएकोले यिनीहरु दुवैजना दाजुबहिनी भएको कुरा प्रमाणित हुन्छ ।

सिमरौनगढ राजदरबारमा जन्मेका दुवै राजकुमार र राजकुमारीको जन्मको घटनाको उल्लेख कहिंकतै भएको पाईंदैन । राजकुमार जगतसिंह कुमर र राजकुमारी रुद्रमल्लदेवीको विवाह क्रमशः नायकदेवी र राजदेवसित भएको कुरा गोपालराज वंशावलीमा लेखिएपनि ति दुवै दाजुबहिनीको विवाह कहिले भएको थियो ? यस सम्बन्धमा नेपाली स्रोत पनि मौन छ । तर गोपालराज वंशावलीका साथै नेपालका अन्य ऐतिहासिक स्रोतहरुको विश्लेषण गर्दा रुद्रमल्लदेवीको विवाह १३३७ ई.मा भएको कुरा देखिन आउँछ । अतः उनको जन्म १३२० ई.पछि र सिमरौनगढको पतन हुनुभन्दा पहिले कुनै समयमा भएको हुनसक्ने सम्भावना देखिन्छ ।

सिमरौनगढको पतनपछि देवलदेवीसँगै नेपाल पसेकी कर्णाट राजकुमारी श्रीरुद्रमल्लदेवीको विवाह बनेपा पलाञ्चोक राजवंशका भीमदेवका नाति, आनन्ददेवका छोरा राजदेवसित भएको थियो । राजदेवको जन्म ने.स. ४३७ (१३१७ ई.)मा भएको घटना गोपालराज वंशावलीमा यसरी टिपिएको छ । “सं. ४३७ फाल्गुण कृष्ण दशमी धनेष्ठ बृहस्पतिवार श्रीश्रीजयानंदराजास पुत्र श्रीजयराजदेव संग्रहनी भार्यास पलाखचोस जातः ॥” पत्र ४५ क र ख (मल्ल र बज्राचार्य, १९८५ ई.) । यसरी १३१७ ई. मा जन्मेका राजदेव १३३७ ई. मा २० का युवा देखिन्छन् । १३२० ई. पछि जन्मिएकी रुद्रमल्लदेवी पनि यसबेला १५/१६ पुगेकी देखिन्छन् । गोपालराज वंशावलीमा टिपिएका तत्कालीन घटनाहरुको विश्लेषण गर्दा पनि १३३७ ई.मा नै उनको विाह भएको कुरा प्रष्ट हुन्छ । “सं......थिंसला गाक्व पाडो कोन्हु अभेराम मुलमी टोंम् युथुनिमंस सेवा ववटो, दिन खुलिव यंटा क्वाठ ठोङा, दिन ८ लिव श्रीदेवलदेवीसके सेवा लाक्वटो अभेराम

मूलमीसन, दिन ८ लिव वंटापीठिस सवद जुव, भ्वंत अनेखराम महाथ भास अभेराम मूलमीस थयित भास दिनस सवद जुरोम" पत्र ४८-४९ । ने.स.४५७ (वि.स.१३९३/१३३७ ई.) मार्ग कृष्ण प्रतिपदाको दिन अभयराम मूलमी युथुनिमम्मा सेवा गर्न पुगे । ६ दिनपछि यंटा किल्ला भत्काइयो । आठ दिनपछि अभयराम मूलमीले देवलदेवीको सेवा गरे । आठ दिनपछि वंटा पीठमा शपथ खाइयो । बनेपाली भारादार अनेकराम महाथ, अभयराम मूलमी, थयित भाले दिउँसो शपथ खाए (बज्राचार्य, २००९ ई.) । यसै घटनालाई ज्ञानमणि नेपालले यसरी लेखेका छन् । "ने.स.४५७ ( वि.स. १३९३/ १३३७ ई.) मार्ग वदी १ मा अभयराम मुलमी युथुनिमम् दरबारमा गए । आठ दिनपछि देवलदेवीसँग उनको भेट भयो । वार्तालापपछि शर्त मञ्जुर भयो । उनले देवलदेवीको वफादार भएर काम गर्न स्वीकार गरे । बनेपाका भारादार अनेकराम महाथ, अभयराम मुलमी र थयित भाहरुले क्रमैसँग शपथ ग्रहण गरे । देवलदेवीको यो अति नै उपयोगी बठ्चाईं थियो र ठुलो सफलता पनि" (नेपाल, १९९७ ई.) । तर अनेकराम महाथका पिता जोतिराम महाथले राजकुमार जयराजदेवलाई ६ वर्षको नाबालक उमेरदेखि नै काँखी च्यापेर हिंडेका थिए । यसरी ६ वर्षको कलिलो बालकलाई सानैदेखि काँध थापेर हिंडेका पिता जोतिरामका छोरा अनेकराम महाथले त्यस राजकुमारलाई बाईपास गरेर देवलदेवीसित सम्झौता गरेको हुनसक्ने कुरा सम्भव देखिंदैन । "सं.४४३ भाद्रपद शुद्धि ५ ब्यानापे क्वाठ श्रीराजदेवस, लकस जोतिराम महाथ भास्यं काया सङ्गाव् चाल्व, फनपीम्मनिगल तिपुर महाथस पाखंड मंगुसम फनपिंन पीया महाथ स(व)तया" पत्र ४४ ख (मल्ल र बज्राचार्य, १९८५ ई.) । "ने.स.४४३ (वि.स.१३८०/१३२३ ई.) भाद्र शुक्ल पञ्चमी श्रीजयराजदेव र लकसका ज्योतिराम महाथ भारदारले बनेपा किल्ला कब्जा गरेकोमा फर्पिङ मनिगल तिपुरले खुलाए (फेरी कब्जा गरे)" (बज्राचार्य, १९९९ ई) । यहाँ ने.स. ४३७ मा जन्मेका जयराजदेव ने.स. ४४३ मा मात्र ६ वर्षका देखिन्छन् । तर मावली खलक पाटनका पाल महापात्र भएको, पिता राजा आनन्ददेवका छोरा भएकोले दुवै पक्षबाट उपत्यकामा शक्तिशाली देखिन्छन् । त्यसैले ६ वर्षका नाबालक राजदेवलाई साथ लिएर जोतिराम महाथले बनेपा किल्ला कब्जा गरेको देखिन्छ । पछि ने.स.४५७ ( १३३७ ई.) मा यिनी २० वर्षको लक्का जवान हुँदा बनेपामा शक्तिशाली महाथको रुपमा स्थापित भइसकेका जोतिराम महाथका छोरा अनेकराम महाथले यस्तो महत्वपुर्ण सम्झौता गर्दा जयराजदेवलाई बाईपास गर्नै नसक्ने देखिन्छ ।

अतः ने.स. ४५७ को सम्झौताको क्रममा नै कर्णाट राजकुमारी श्री रुद्रमल्लदेवीलाई अघि सारेर देवलदेवीले सम्झौता गरेको हुन सक्छ । जस्तो कि यसभन्दा पहिले स्वयं देवलदेवीलाई अघि सारेर हरिसिंहदेवसित विवाह गराई पिता जयतुंगमल्लले तिरहुतेहरुसित सम्झौता गरेका थिए । त्यसैगरी देवलदेवीले पनि सम्झौता अनुसार नै कर्णाट राजकुमारी रुद्रमल्लदेवी र राजकुमार राजदेवको विवाह ने.स.४५७ (१३३७ ई.) मा गराएको देखिन्छ । यस विवाहबाट बनेपाका शक्तिशाली राजकुल र भारदार महाथका साथै पाटनका पाल महापात्र खलकलाई आफ्नो पक्षमा पारेर देवलदेवी उपत्यकामा झन शक्तिशाली भएकी थिइन् ।

यो विवाह ने.स. ४५७ मा नै भएको कुराको पुष्टि अर्को साल ने.स.४५८ माघमा तिनिहरुका छोरा जयार्जुनदेवको जातबन्ध संस्कार गरिएको घटनाबाट पनि हुन्छ । "सं.४५८ माघ शुक्ल द्वादशी पनर्वसु नक्षत्र आयुष्मान योग सोमवार कुम्भस अः आ. शः मिथुनस वृ. चम कन्या केः विछशः धनु शुः श्रीजयराजदेवस प्रथम पुत्र श्रीजयार्जुनदेवस जातबंध"

पत्र ५० क । ने.स. ४५८ (वि.स. १३९४/ १३३९ ई.) माघ शुक्ल द्वादशी सोमवार पुनर्वसु नक्षत्र, आयुष्मान योगको दिन कुम्भमा मङ्गल आदित्य र राहु मिथुनमा बृहस्पति र चन्द्रमा, कन्यामा केतु, वृश्चिकमा शनी, धनुमा शुक्र रहेको यस लग्नमा श्रीजयराजदेवका प्रथम पुत्र श्रीजयार्जुनदेवको जातबन्ध गरियो (मल्ल र बज्राचार्य, १९८५ ई.) । यसरी ने.स.४५७ को मंसीरमा विवाह भएको जयराजदेवको प्रथम पुत्र जयार्जुनदेवको जन्म एक वर्षपछि ने.स.४५८ (पुसको मध्यमा ई.स. परिवर्तन हुने भएको र कार्तिक शुक्ल प्रतिपदादेखि ने.स. परिवर्तन हुने भएकोले यो फरक देखिएको हो ) १३३९ ई. को माघ शुक्ल द्वादशीमा जातबन्ध गरिएको थियो ।

माथिका घटनाहरुको विश्लेषण गर्दा रुद्रमल्लदेवीको जन्म १३२० ई.पछि र १३२४ ई. भन्दा पहिले सिमरौनगढ राजदरबारमा भएको र त्यस दरबारको पतनपछि शरणार्थी भएर नेपालमा बसेको अवस्थामा १३३७ ई. मा २० वर्षका राजकुमार जयराजदेवसित यिनको विवाह भएको थियो । विवाह हुँदा यिनी लगभग १६/१७ वर्षकी थिइन् । त्यसैले एकवर्षपछि नै यिनले राजकुमार जयार्जुनदेवलाई जन्म दिएकी थिइन् र १३३९ ई. मा जयार्जुनदेवको जातबन्ध संस्कार गरिएको थियो ।

### १३४७ ई. को राजनैतिक संकट

गोपालराज वंशावली, केशरवंशावलीहरुका साथै अन्य ऐतिहासिक स्रोतहरुका आधारमा ज्ञानमणि नेपालको पूर्वमध्यकालको इतिहास, धनबज्र बज्राचार्यको गोपालराज वंशावलीको ऐतिहासिक विवेचना लगायतका ऐतिहासिक स्रोतहरुमा दिइएको विवरण अनुसार राजा अभयमल्लका छोरा जयदेवपछि राजा भएका बनेपा कुलका जयभीमदेवको समयदेखि मल्लवंशका राजा हुँदा देववंशका युवराज(उपराजा) हुने र देववंशका राजा हुँदा मल्लवंशका उपराजा हुने परम्परा शुरु भएको थियो । यस परम्परा अनुसार भीमदेवको समयमा जयसिंहमल्ल युवराज(उपराजा) भएका थिए । जयभीमदेवको मृत्युपछि जयसिंहमल्ल राजा र जयादित्यदेव युवराज भएका थिए । तर जयसिंहमल्लपछि परम्परा अनुसार बनेपा कुलका राजा हुनुपर्नेमा जयादित्य युवराज नै रहेको र मल्लवंशका गनकमल्लका नाति, राजदेवका छोरा अनन्तमल्ल ने.स. ३९५ (१२७५ ई.) मा राजा भएको देखिन्छ । एकै वंशका भएपनि काकाका छोरा राजा भएको कुरा जयसिंहमल्लका छोरा जयतुंगमल्ललाई मन नपरेकोले आनन्ददेवसित मिल्न गए । बनेपाका युवराज जयादित्यको निधनपछि उनका छोरा जयशक्तिदेव शक्तिशाली युवराज भएकोमा भीमदेवका कान्छा छोरा र जयशक्तिदेवका काका आनन्ददेव पनि असन्तुष्ट थिए । महत्वाकाँक्षी जयतुंगमल्ल र आनन्ददेव मिलेपछि राजा अनन्तमल्ल र जयशक्तिदेवले तिनिहरुलाई दबाउन पटक पटक तिरहुते सेनालाई उपत्यकामा आमन्त्रित गर्न थाले । यसको विरुद्धमा जयतुंगमल्लले खस सेनालाई आमन्त्रित गरेपनि नजिकको तिरहुतेहरुको विरुद्धमा त्यो प्रभावकारी हुन सकेन । यसरी राजा अनन्तमल्लको समयमा तिरहुते सेना र खस सेनाहरुको पटक पटकको आक्रमणबाट दिक्क भएर अन्तमा ने.स. ४२७ (१३०७ ई.) मा उनले आफ्नो भण्डारबाट सारा सामान झिकि पशुपतिमा चढाएर आफु बनेपातर्फ लागेका थिए । त्यसको एकवर्षपछि ने.स. ४२८ (१३०८ ई.) मा उनको निधन भएको थियो । यसरी राजाको गद्दी खालि भएपछि तिरहुते सेनाको बलमा जयशक्तिदेव झन शक्तिशाली भएका थिए । यसरी ने.स. ४२८ (१३०८ ई.) देखि ने.स. ४३७ (१३१७ ई.) सम्मको नेपालको राजगद्दी

खालि भएको अवस्थालाई ज्ञानमणि नेपाल, मोहनप्रसाद खनाल लगायतका इतिहासकारहरुले नेपाल हरिसिंहदेवको अधिन भएको अवधि मानेका छन् । "नेपाल हरिसिंहदेवको अधीन भएताका अर्थात १३११ ईस्वी" (खनाल, १९९९ ई.), "ने.स. ४२८ देखि ४३७ सम्म........नेपालको राजगद्दी खालि हुनु, राजकुमार र स्थानीय शासकहरुबाट शासन सञ्चालन हुनु, हरिसिंहदेवका मन्त्री र भारदारहरुलाई रकम उठाई सिर्तो बुझाउनु आदि कुरातिर ध्यान दिंदा यसबेला सम्पुर्ण नेपालका मूर्धाभिषिक्त राजा हरिसिंहदेव नै एकमात्र देखिन्छन्" (नेपाल, १९९७ ई.) ।

यसरी राजा अनन्तमल्लको मृत्युपछि झन शक्तिशाली भएर निस्केका जयशक्तिदेवको शक्ति कम गर्नका लागि जयतुंगमल्लले १३१२ ई. मा आफ्नो रुपवती छोरी देवलदेवीको विवाह राजा हरिसिंहदेवसित गरिदिएका थिए । यस विवाहले उपत्यकाको राजनैतिक शक्तिकेन्द्र फेरबदल हुन गयो । जुन तिरहुते सेनाको बलमा शक्तिदेव शक्तिशाली भएका थिए । त्यो जब जयतुंगमल्लको पक्षमा उभिएपछि उपत्यकामा तुंगमल्लको शक्ति बढन गई शक्तिदेव निकै कमजोर हुन पुगेको थियो । ने.स. ४३७ (१३१८ ई.) मा शक्तिदेवको मृत्यु भएको थियो । ने.स. ४३३ (१३१३ ई.) मा देवलदेवीको द्विरागमन गरी बनेपाको बाटो फर्केका भक्तपुरका सेनाले शक्तिदेवको क्षेत्रमा लुटपाट गरी सिन्दुरे जात्रा मनाएका थिए । यस घटनालाई धेरै इतिहासकारहरुले तिरहुतेमाथि रुद्रमल्लको विजयको रुपमा वर्णन गरेका छन् । तर ऐतिहासिक घटनाको विश्लेषण गर्दा यसैबेला हरिसिंहदेवका महासन्धिविग्रहिक मन्त्री चण्डेश्वर ठक्कुरले भक्तपुर दरबारमा बसेर आफ्नो प्रसिद्ध ग्रन्थ हिन्दु कानून संहिताको पुस्तक विवादरत्नाकर तयार गरेको कुरा यस पुस्तकको पुष्पिकावाक्यबाट प्रष्ट हुन्छ ।

"रसगुणभुजचन्द्रैः सम्मिते (१२३६) शाकवर्षे । सहसि धवल पक्षे वाग्मती सिन्धुतीरे ॥
अदित तुलित मुच्चैरात्मना स्वर्णराशिं । निधिरखिल गुणानामुत्तरः सोमनाथः ॥
इतिसप्रक्रियमहासन्धिविग्रहिकठक्कुर मन्त्रिवर-श्रीवीरेश्वरात्मज
सप्रक्रियमहासन्धिविग्रहिक ठक्कुर चण्डेश्वर-
विरचितो विवादरत्नाकरः सम्पुर्णः"

(स्मृतितीर्थ, १९३१ ई.)

'शक सम्वत १२३६ को पुस शुक्लपक्ष (१३१४ ई. को दिसम्वर वा १३१५ ई. को जनवरी) मा आफ्नो तौल जतिको स्वर्णराशि तुलापुरुष अखिल विश्वमा उत्तरको सोमनाथ (पशुपतिनाथ) मा वाग्मतीको किनारमा दान गरे' भन्ने कुरा लेखिएबाट रुद्रमल्लको समयमा पनि नेपालमा हरिसिंहदेव र चण्डेश्वरको प्रभावशाली उपस्थिति रहेको देखिन्छ ।

यसप्रकार देवलदेवीको विवाहबाट शक्तिशाली बनेका जयतुंगमल्लको १३१३ ई. को मई जुनतिर निधन भएपछि उनका छोरा तिरहुते सेनाको बलमा उपत्यकामा शक्तिशाली देखिए । उनी सत्तामा आएपछि शक्तिदेवको दमनबाट पटक पटक कारावास भोग्दै आएका र जयतुंगमल्लको भरमा नेपालको राजा बनेका आनन्ददेवलाई राज्यच्युत गरी वा उनको मृत्युपछि पुरानो परम्परालाई मिचेर आफ्नै वंशका स्वकुटुम्बज राजा अनन्तमल्लका छोरा जयारिमल्ललाई राजगद्दीमा

राखे । “तदनन्तरे श्रीजयतुङ्गमल्लदेवस्य आत्मज, श्रजियरुद्रमल्लदेवस्य प्रभुतेन स्वकुटुम्बश्रीजयारिमल्लदेवस्य पुष्पाभिषेकं कृत्य, राजा भक्तिमात्रन्ददौ” पत्र २७ ख (मल्ल र बज्राचार्य, १९८५ ई.) । यसरी रुद्रमल्लको भरमा नाममात्रका राजा भएका जयारिमल्ल वा अरिमल्ल ने.स. ४४० (१३२० ई.) देखि ने.स. ४६७ (१३४७ ई.) को असोजसम्म  देउपाटनको राजाको गद्दीमा बसेर २७ वर्ष लामो शासन गर्ने अवसर पाएपनि शासनमा भक्तपुरका जयतुंगमल्लकै छोराछोरीहरुको हालीमुहाली चलिरहयो । उनकै शासनकालमा ने.स. ४४६ (१३२६ ई.) मा सिमरौनगढको पतन भई त्यहाँका राजपरिवार भाइभारादारहरुसहित नेपाल प्रवेश गरेका थिए । १३२६ ईस्वीको माघमा तीनपाटनमा राजा हरिसिंहदेवको निधनपछि भक्तपुर दरबार प्रवेश गरेका राजपरिवारको ६ महिना नबित्दै ३० वर्षको जल्दोबल्दो जवानीमा उपराजा रुद्रमल्लको निधन हुन पुग्यो । रुद्रमल्लका दुवै छोराहरुको उनको जीवनकालमा नै निधन भईसकेको थियो । उत्तराधिकारीको नाममा एकमात्र छोरी नायकदेवी जीवित थिइन् । तर पनि राजा अरिमल्लले शक्ति आफ्नो हातमा लिन सकेन ।

“ने.स. ४५०(१३३०/३१ ई.) पौष कृष्ण त्रयोदशीका दिन युथुनिमममा ठाकुर नभएका कारण दक्षिण मधेसतिर पसी दुईजना राजकुमारहरु भित्र्याइए । चनिगल....(नायकदेवीसित) हरिश्चन्द्रदेवको र कामादेवीसित गोपालचन्द्रदेवको विवाह भयो” (मल्ल र बज्राचार्य, १९८५ ई.) । नायकदेवी रुद्रमल्लको छोरी भएको कुरा स्पष्ट भएपनि कामादेवी अरिमल्लको छोरी भएको कुरा शंकरमान राजवंशीले लेखेका छन् । “वि.स. १३८६ (१३३०/३१ ई.) को पौषमा युथुनिमं राजकुलमा अर्थात दुवै राजकुलमा हकदार ठाकुर नहुनाले काशेश्वरवंशी राजकुमारहरु हरिश्चन्द्रदेव र गोपालदेव दूईजनालाई दक्षिणबाट झिकाई चनिगलमा राखे । कारण अरिमल्लको पनि हकदार छोरा नभई छोरी कामादेवी मात्र थिइन् । त्यसपछि तेस्रो महिना फागुनमा पदुमलदेवीले नायकदेवीको हरिश्चन्द्रसँग र कामादेवीको गोपालदेवसँग विवाह गरिदिए” (राजवंशी, १९८०-८१ ई.) । पछि ने.स. ४५५ (१३३५ ई.) को जेठमा हरिश्चन्द्रदेवको र ने.स. ४६० ( १३४०/४१ ई.) पौषमा गोपालदेवको भारदारी संघर्षमा परि हत्या भयो । आफ्नो एक्लो छोरी ज्वाईंको हत्या हुँदा पनि राजगद्दीमा बसेर मूकदर्शक बनेका राजा अरिमल्ल कतिसम्म कमजोर थिए भने यसै घटनाबाट प्रष्ट हुन्छ । वास्तविक राजनैतिक संकट यिनको निधनपछि शुरु भएको थियो ।

वि.स. १४०१ (१३४४ ई.) को आश्विनमा ठुलो भूकम्प भयो । त्यसको भोलिपल्ट गद्दीनसीन राजा अरिमल्लको देउपाटनमा मृत्यु भयो । .... अरिमल्लको मृत्युपछि ३ वर्षसम्म मूल राजगद्दी खालि रहयो यसमा भित्र भित्रको कलह कारण बनेको थियो । आखिर वि.स. १४०४ ( १३४७ ई.) को श्रावणमा आनन्ददेवका मठ्याहा छोरा राजदेव सबैको सम्मतिले गद्दीमा बसे” (बज्राचार्य, १९९९ ई.) । राजा अरिमल्लको निधनको तीनवर्षसम्म देउपाटनको मूल राजगद्दी खालि रहयो । तीनवर्षपछि मात्र १३४७ ई. मा जयराजदेव राजा भए । “यस विषयमा त्रिपुर र अनेकराम वर्धन बिच सहमति हुन नसक्दा तीनवर्षसम्म देवपाटनको दरबारमा रहेको राजगद्दी खालि हुन पुगेको थियो । वास्तवमा अनेकराम वर्धन बनेपा, पलाञ्चोक भेगको भएको नाताले उतैको भोन्त राजकुलका राजदेवलाई गद्दीमा राख्न चाहन्थे । जुन राजदेवलाई अनेकरामका बुवा ज्योतिरामले समेत सहयोग गरेका थिए” (धौभडेल, २०१८ ई.) । “ने.स.४६४ ( वि.स. १४०१/१३४४ ई.) आश्विनमा अरिमल्लको मृत्यु भएपछि तीन वर्षसम्म गद्दी खालि रहयो । यस्तो घटना बिरलै

पाइन्छ । त्यसबेलाको अस्तव्यस्त, खिंचातानीको अवस्थाले गर्दा राजगद्दीमा कसलाई राख्ने भन्ने तीनवर्षसम्म निर्णय हुन सकेन" (बज्राचार्य, २००९ ई.) । यसरी १३४४ ई. मा राजा अरिमल्लको मृत्यु भएपछि त्रिपुर दरबार बनेपा पलाञ्चोक दरबार बिचको खिंचातानीले गर्दा जगतसिंह र नायकदेवी बाँचुञ्जेलसम्म निर्णय हुन सकेन । "अरिमल्लका छोरा थिएनन् । राजगद्दीको दाबी गर्ने एक मल्लवंशी पशुपतिमल्ल थिए । पलाञ्चोकमा बसेका जयानन्ददेवका छोरा राजदेव अर्का थिए । उनकी आमा एक त पाटन उत्तरबिहारका महापात्र राजेन्द्रपालकी वैश्यकुलकी छोरी परिन् । दोस्रो ल्याइते पनि । त्यसले गर्दा यी राज्याभिषिक्त राजा हुन योग्य ठहरिएनन् । त्रिपुरका अधिकारी देवलदेवी र जगतसिंह कुमार यिनलाई राजा मान्न चाँहदैनथे । पाटनका महापात्रहरु र महामात्य अनेकराम यिनैलाई सिंहासनारुढ गराउन चाहन्थे" (नेपाल, १९९७ ई.) । यसरी राजगद्दीका दाबेदार पशुपतिमल्ल र राजदेव देखिएपनि निर्णायक शक्ति त्रिपुर दरबारमा भएको र त्यस शक्तिले दुवैमध्ये कसैलाई पनि नरुचाएको हुँदा गद्दी खालि रहन पुग्यो । त्यसमा नेस. ४६७ (१३४७/४८ ई.) को पुसमा छोरी राजल्लदेवीको जन्म भएको दशौं दिनमा नायकदेवीको स्वर्गवास भएपछि त राजा र उपराजा दुवैको गद्दी खालि हुन गई संकट झन गहिरिन पुग्यो ।

### राजनैतिक संकट समाधानमा रुद्रमल्लदेवीको भूमिका

ने.स. ४६७ (१३४७ ई.) को प्रारम्भदेखि नै घटनाले अर्कै मोड लियो । "केहि समय आमा देवलदेवीका साथ जगतसिंहले राजकाज चलाए । त्यसपछि ने.स. ४६७ (वि.स. १४०३/१३४६-४७ ई.) पौष वदि १० का दिन जगतसिंह कुमारबाट नायकदेवीकी छोरी राजल्लदेवीको जन्म भयो । छोरी जन्मेको दशौं दिनमा सुत्केरी नायकदेवी स्वर्ग भइन । यसले नेपाल दरबारमा ठुलो संकट थपिदियो । दोस्रो उपराजाको अधिकारिणीको मृत्युले गर्दा देवलदेवीको शक्ति कमजोर हुन गयो । यही दुरावस्थाको मौका पारी विरोधीहरुले टाउको उठाएर जगतसिंहलाई कैद गरे । जगतसिंहको के हविगत भयो-सो आजसम्म अज्ञात नै छ । जे परे पनि १० दिनकी बालिका राजल्लदेवीलाई काँखमा राखेर देवलदेवीले भारदारको सहयोगले शासन चलाइन्" (नेपाल, १९९७ ई.) । यसरी राजा अरिमल्लको निधनपछि पशुपतिमल्ल, राजदेव र देवलदेवी बिचको स्वार्थको टकरावका कारण तीनवर्षसम्म मूल राजगद्दी खालि भएपछि उपराजाको अधिकारिणी नायकदेवीको नाउँमा देवलदेवी र जगतसिंहले राज्यसुख भोग गरे । यस बिचमा एकै दरबारमा सँगै रहँदा जगतसिंहले राज्यसुखका साथसाथै राज्यका अधिकारिणी नायकदेवीको समेत भोग गरे । सतीप्रथाको त्यस युगमा एक त विधवा दोस्रो आफ्नो साक्खै मामाकी छोरी तिनिहरु बिचको अनैतिक सम्बन्धलाई, आनन्ददेवका मठ्याहा छोरा राजदेवलाई नस्वीकार्ने देवलदेवीले साथ दिने कुरै भएन । त्यसैले नायकदेवी गर्भवती भएपछि यही मुद्दामा जगतसिंह कैद गरिए । विधवा नायकदेवी अपहेलनाको पात्र बनिन् । देवलदेवीले जगतसिंहको ल्याइते पत्नीको रुपमा नायकदेवीलाई स्वीकार गर्नुपर्यो । तर मन नपरेकी बुहारी गर्भवती भएको हुँदा सन्तानको जन्म नहुन्जेलसम्म स्याहार्नै पर्यो । हरिश्चन्द्रकी विधवा जगतसिंहकी ल्याइते श्रीमती राज्यको अधिकारिणी भएपनि अपहेलनाको पात्र भएकोले नायकदेवी एउटी छोरीलाई जन्म दिएर सुत्केरी अवस्थामै १० दिनभित्र परलोक भइन् । यसरी मूल राजगद्दीका साथसाथै उपराजाको गद्दी पनि खालि हुन पुग्यो । यस्तो अवस्थामा देवलदेवीका साथसाथै राष्ट्र नै संकटमा फस्न गयो ।

इतिहासमा प्रष्ट रुपमा खोलेर नलेखिएपनि गोपालराज वंशावलीको संस्कृत खण्डमा यस घटनाको संक्षिप्त वर्णन गरिएको छ । "तदनन्तरे कतिपय दिवसे श्रीजगतसिंहकुमरेण राज भुंजितम ॥ पश्चात कुह्मर बधंनं भवेत ॥ तस्य राजल्लदेवी नामः । जातेन दश दिवसान्ते मातुश्च मृत्यु । पितामही श्रीदेवलदेवी अति कष्टेन प्रतिपालितं" । त्यसपछि केहि दिन जगतसिंह कुमरले रजाईं गरे । पछि कुमर कैद गरिए । उनकी छोरी राजल्लदेवी हुन् । जन्मेको दश दिनपछि आमा(नायकदेवी)को मृत्यु भयो । बज्यै देवलदेवीले ज्यादै दुःखले पालिन् । पत्र २८ (मल्ल र बज्राचार्य, १९८५ ई.) । तत्कालीन घटनाहरुको विश्लेषण गर्दा देवलदेवीको आफ्नो नजिकका मानिसहरु पिता जयतुंगमल्ल, आमा पदुमलदेवी, दाजु रुद्रमल्ल, दुई दाजुभाइ भतिजाहरुको निधन हुनाका साथै चारजना भाउजुहरु पनि सती गएकी हुँदा माइतीतर्फ जिवित रहेकी एकमात्र भतिजी नायकदेवी पनि बितेपछि उनी पुर्णतः एक्लिएकी थिइन् । इस्लामिक आक्रमणमा परेर ससुरालीतर्फबाट राज्य गुमाएर माइतीतर्फ लाग्दा बाटोमा पति हरिसिंहदेवको पनि निधन भइसकेको थियो । राजग्रामका माभ्की भारोले बनाएको बन्दीबाट मुक्त भएपछि छोरा जगतसिंह कुमर र छोरी रुद्रमल्लदेवीका साथ भक्तपुरमा शरण लिएर बसेको परिस्थितिलाई आफ्नो अनुकुल बनाउन खोज्दा छोरा बुहारी समेत गुमाउनु पर्यो । यस्तो अवस्थामा नजिकका सबै नातेदारहरुलाई गुमाएर एक्लो परेकी देवलदेवीलाई छोरी रुद्रमल्लदेवीले सहारा दिएर भतिजी राजल्लदेवीको स्याहार सुसार गर्दै आफ्नो पतिलाई राजा बनाउन खुशी पार्ने प्रयास गरेको देखिन्छ । पुसदेखि साउनसम्मको अथक प्रयासपछि अन्तमा ने.स. ४६७ (१३४७ ई.) श्रावण वदि ४ मा देवलदेवी जयराजदेवलाई राजा स्वीकार्न तयार भइन् । "जगतसिंह शत्रुको कृतिबाट पन्सिइसकेपछि विवश भएकी महारानीले राजदेवलाई मूल सिंहासनमा राख्ने कुरामा सहमति दिइन् । उसको सहमति पाएपछि यो कुरो सर्वसम्मत भयो । ने.स. ४६७ (वि.स.१४०४/१३४७ ई.) श्रावण वदि ४ मा जयराजदेव देउपाटनको सिंहासनमा राखिए" (नेपाल, १९९७ ई.) । 'उभयराजकुलसानुमतेन, सम्वत ४६७ श्रावण वदि ४ श्रीजयराजदेवस्य राजा कृत्यः सर्वसम्मतेन' पत्र २८ । यसरी ने.स.४६७ पुस (१३४६ ई. को दिसम्बर) मा नायकदेवीको निधन भएपछि ६ महिनासम्म राजा र उपराजाको गद्दी खालि रहयो । यस बिचमा नजिकको नातेदारको हैसियतले छोरी रुद्रमल्लदेवी र ज्वाईं राजदेवले आमा देवलदेवीलाई सहमत बनाउन गरेको भरमग्दूर प्रयत्नलाई इतिहासमा नलेखिएपनि उनीहरुकै प्रयासबाट सर्वसम्मत रुपमा एक प्रकारले जननिर्वाचित राजा झैं जयराजदेव गद्दीमा बस्न पाए ।

यसरी देश अनिर्णयको बन्दी बनेको अवस्थामा आमा देवलदेवीलाई सहमतिमा ल्याएर आफ्ना पति जयराजदेवलाई सर्वसम्मत रुपमा राजा बनाउन रुद्रमल्लदेवीले एक मध्यस्थकर्ताको रुपमा काम गरेकी थिइन् । उनको माइती र ससुराली बिचको समन्वयवादी सिद्धान्तबाट राजदेव राजसिंहासनमा पुग्न सफल भएर देशलाई एक ठोस र मजबुत शासन प्रदान गर्न सफल भएका थिए । राष्ट्रले उनको मध्यस्थकर्ताको भूमिकालाई स्वीकार गरेर सर्वसम्मत निर्णय गरेका थिए । यो सर्वसम्मत निर्णयका लागि रुद्रमल्लदेवीले आमा देवलदेवीलाई तयार गरेकी थिइन् । देवलदेवीको निर्णयपछि मात्र यो निर्णय सर्वसम्मत हुन पुगेको र राजदेव सर्वसम्मत राजा बन्न पाएका थिए । यिनै राजदेवको शासनकालमा देवलदेवीले स्थितिमल्लको डोला झिकाएर शक्तिशाली उपराजा बनाएकी थिइन् । अन्तमा राजदेवका छोरा जयार्जुनदेवको शासनकालमा "ने.स. ४८६ (वि.स. १४२३/१३६६ ई.) वैशाख शुदि ७ मा ६६ वर्षको उमेरमा राजमाता महारानी देवलदेवी स्वर्गे भइन्" (नेपाल, १९९७ ई.) ।

**निष्कर्ष**

१३४४ ई. को असोजमा राजा अरिमल्लको निधनपछि लगभग तीनवर्षसम्म नेपालको राजगद्दी खालि रहन पुग्यो । उपराजाको गद्दीको अधिकारिणी नायकदेवीलाई काँखी च्यापेर देवलदेवीले पहिले भतिजी पछि बुहारीको नाममा शासन गर्दै आइरहेकी थिइन । ने.स. ४६७ पुस (१३४७ ई. को जनवरी) मा नायकदेवीको निधन भएपछि राजा र उपराजा दुवैको गद्दी खालि हुन गई देवलदेवीका साथै सम्पुर्ण नेपालमाथि नै राजनैतिक संकट आइपर्यो । यस्तो दुरावस्थाको मौका पारी विरोधिहरुले टाउको उठाएर जगतसिंहलाई कैद गरे । जगतसिंहको के हविगत भयो-सो आजसम्म अज्ञात नै छ । माइती र ससुराली पक्षका परिवारहरु गुमाएर देवलदेवी एक्लिए झैं राजा र उपराजा दुवैको गद्दी खालि भएर सम्पुर्ण देश नै अनाथ भए जस्तो अवस्थामा पुगेका थिए । तर भक्तपुर, बनेपा र पशुपति मल्ल (सम्भवतः अरिमल्लका मठ्याहा छोरा) मध्ये कोही झुक्न तयार थिएनन् । त्यसैले १३४७ ई. को पुसदेखि असारसम्म राजा र उपराजा दुवैको  गद्दी खालि रहन गयो । यस बिचमा छोरी रुद्रमल्लदेवीले महाथ अनेकरामसित मिलेर देवलदेवीलाई देश र जनताको हितका लागि झुक्न र सम्झौता गर्न तयार गरेका थिए । देवलदेवीको आफन्तको नाममा एकमात्र छोरी रुद्रमल्लदेवी जीवित भएकोले उनको कुरा स्वीकार गरी देवलदेवीले राजदेवलाई राजा मान्न तयार भएकी थिइन् । पछि राजदेव र देवलदेवी मिलेपछि पशुपतिमल्ललाई कैद गरेर दबाएका थिए । यसप्रकार राजा र उपराजा दुवैको गद्दी खालि भएको र आफ्नो माइतमा नाबालक भतिजी राजल्लदेवीका साथ आमा देवलदेवी एक्लो परेको अवस्थामा कर्णाट राजकुमारी रुद्रमल्लदेवी आमा देवलदेवीको आफन्त बनेर नेपाल आमाको सपुतको रुपमा देशलाई निकास दिन अगाडि आइन् । विगत चार वर्षदेखि आफ्नो श्रीमान जयराजदेवले राजा हुनका लागि गर्दै आएको प्रयासलाई सफलीभुत बनाउन आमा देवलदेवीलाई रिझाएर सम्झौताका लागि तयार गरेकी थिइन् । बनेपा र भक्तपुर दुवै राजकुललाई एकताको सूत्रमा आबद्ध गर्ने, माइती र ससुराली दुवै पक्षबिच सन्तुलन कायम गरी सहयोग र सदभावको वातावरण बनाएर राजदेवलाई सत्तामा पुर्याउन मध्यस्थकर्ताको रुपमा उनले गरेको योगदान अविस्मरणीय छ । आफ्नो कुशलता र चातुर्यले जहाँ एकातिर सङ्कटको घडीमा देवलदेवीको आफन्तको रुपमा छोरी भएर उभिएर आमाको विश्वास जित्न उनी सफल भएको देखिन्छ, त्यहिं अर्कोतिर कुटनैतिक सफलता हासिल गरी राजदेवलाई मठ्याहा छोरा भनी राजगद्दीका लागि अयोग्य मानीरहेकी देवलदेवीलाई खुशी पारेर आफ्नो श्रीमानलाई राजगद्दीमा पुर्याएर आफु नेपालको महारानी बन्न समेत उनी सफल भएको पाइन्छ । अतः १३४४ ई. देखि १३४७ ई. सम्म देश अनिर्णयको बन्दी बनेको अवस्थामा आफ्नी आमा देवलदेवी र श्रीमान जयराजदेव बिच सहमति कायम गराई देशलाई राजनैतिक निकास दिन उनले मध्यस्थकर्ताको रुपमा खेलेको भूमिका सम्पुर्ण नेपाल र नेपालीका लागि महत्वपुर्ण छ ।

## सन्दर्भ सामग्रीसूची


खनाल, मोहनप्रसाद (१९९९ ई.), *सिमरौनगढको इतिहास,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

चौधरी, राधाकृष्ण (२०१० ई.), *मिथिलाक इतिहास,* श्रुति प्रकाशन ।

ठाकुर, उपेन्द्र (१९९२ ई.), *मिथिलाक इतिहास,* मैथिली अकादमी ।

धौभडेल, ओमप्रसाद (२०१८ ई.), *भक्तपुर दरबारका मल्लकालिन भारदारहरु,* स्वदेश प्रकाशन प्रा. लि. ।

नेपाल, ज्ञानमणि (१९९७ ई.), *नेपालको पूर्वमध्यकालको इतिहास,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र (२००९ ई.), *गोपालराजवंशावलीको ऐतिहासिक विवेचना,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, भद्ररत्न (१९९९ ई.), *धनबज्र बज्राचार्यको ऐतिहासिक लेख संग्रह, भाग-१.* ललित रिसर्च सेन्टर ।

मल्ल, कमलप्रकाश र बज्राचार्य, धनबज्र (१९८५ ई.), *द गोपालराज वंशावली,* नेपाल रिसर्च सेन्टर ।

मिश्र, तारानन्द (२००० ई.), *विदेह-मिथिलादेश र यसको मध्यकालिन राजधानी सिमरौनगढको इतिहास,* सिमरौनगढ विषयक संगोष्ठी, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. पेज १-२१ ।

राजवंशी, शंकरमान (१९८०-८१ ई.),*कर्णाटवंशी र मल्लराजवंशीको सम्बन्ध हुनामा केही घटना, प्रचीन नेपाल.* नेपाल सरकार पुरातत्व विभाग ।

शर्मा, रामप्रकाश (२००२ ई.), *मिथिलाका इतिहास,* कामेश्वरसिंह दरभंगा संस्कृत विश्वविद्यालय ।

स्मृतितीर्थ, कमलकृष्ण (१९३१ ई.), *विवादरत्नाकर अ ट्रीटीज अन हिन्दु लॉ बाई चण्डेश्वर ठक्कुर,* एशियाटिक सोसाइटी अफ बंगाल ।

सिन्हा, सि.पि.एन (१९७९ ई.), *मिथिला अण्डर द कर्णाट्स (१०९७-१३२५ ई.).* जानकी प्रकाशन ।